मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक ३०५ • २०८३ साल असोज २५ गते आइतबार • Sunday 11, October 2026 • सूर्योदय: बिहान ०६:०० बजे • सूर्यास्त: साँझ ०५:४० बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

## साली हत्या प्रकरणमा दाजुभाइ जेल चलान

**मधेशदृष्टि**
**वीरगंज।**
आफ्नै साली हत्या अभियोगमा पर्साको जगरनाथपुर गाउँपालिका वडा नं. ५ घर भइ वीरगंज १३ बस्दै आएका मन्सुरी दाजुभाई कारागार चलान भएका छन् । नासिर अहमद मन्सुरी र उनका कान्छा भाई जाफिर मियाँ मन्सुरीलाई पुर्पक्षका लागि थुनामा राख्न पर्सा जिल्ला अदालतबाट आदेश भएको हो।
जाफिरकी सालीको मृत्यु प्रकरणसँग सम्बन्धित कर्तव्य ज्यान तथा जबर्जस्ती करणी मुद्दामा जिल्ला अदालत पर्सा न्यायाधीश ठाकुरप्रसाद खरेलको इजलासले शुक्रबार मन्सुरी दाजुभाइलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको हो । अदालतको अभिलेखअनुसार मुद्दा २०८३ असोज २२ गते दर्ता भएको थियो। यस प्रकरणमा समसुल मियाँसहित दुई जना अझै फरार छन् । मुद्दामा चार जना प्रतिवादी रहेको अदालतको अभिलेखमा उल्लेख छ।

# पुल बगेपछि ८ वर्षदेखि नेपाल–भारत सीमा वारपारमा समस्या



**मधेशदृष्टि**
**सप्तरी।**
सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका–१ स्थित नेपाल–भारत सीमाक्षेत्रमा रहेको खोलामा पुल नहुँदा दुवै देशका नागरिकले वर्षौंदेखि सास्ती खेप्दै आएका छन् । बाढीले बाँसको पुल बगाएको आठ वर्ष बितिसक्दा पनि पुनर्निर्माण हुन नसक्दा स्थानीय बासिन्दा जोखिम मोलेर खोला वारपार गर्न बाध्य छन्।
नेपालको तिलाठी कोइलाडी गाउँपालिका र भारतको कुनौली बजारलाई जोड्ने उक्त पुल सीमावर्ती क्षेत्रका बासिन्दाका लागि आवतजावतको सहज माध्यम थियो। तर, २०७५ असार १७ गते आएको बाढीले पुल बगाएपछि त्यसको विकल्प निर्माण हुन सकेको छैन । पुल नहुँदा दैनिक उपभोग्य वस्तुको खरिद, उपचार तथा व्यापारिक गतिविधिसमेत प्रभावित भएका छन्।
खोलामा पुल नहुँदा बिरामी, ज्येष्ठ नागरिक, अशक्त व्यक्ति र बालबालिकालाई बढी समस्या हुने गरेको छ। दैनिक कामकाजका लागि सीमापारि जानुपर्ने स्थानीयले खोलाको अवस्था हेरेर यात्रा गर्नुपर्ने बाध्यता छ । विशेषगरी वर्षायाममा पानीको बहाव बढ्दा खोला पार गर्नु जोखिमपूर्ण हुने गरेको छ।
करिब ४० वर्षअघि नेपाली र भारतीय नागरिकको आपसी सहकार्यमा बाँसको पुल निर्माण गरिएको थियो। उक्त पुलले लामो समयसम्म दुई देशका नागरिकबीचको सामाजिक, सांस्कृतिक तथा आर्थिक सम्बन्धलाई सहज बनाएको थियो । बाढीले पुल बगाएपछि भने स्थानीयले आठ वर्षदेखि आवतजावतको समस्या झेल्दै आएका छन्।
तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुणकुमार मण्डलका अनुसार राजविराज भन्सार कार्यालयअगाडिको खोलामा बाँसको चचरी निर्माण गरेर आवतजावत सहज बनाउने प्रयास गरिएको थियो। तर, भारतीय सशस्त्र सीमा बल (एसएसबी) को अवरोधका कारण निर्माण कार्य अघि बढ्न नसकेको उनले बताए।
गाउँपालिकाका पूर्वअध्यक्ष तथा मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सतीशकुमार सिंहले पनि उक्त स्थानमा पुल निर्माणका लागि पहल गरेका थिए। उनका अनुसार भारतीय सुरक्षाकर्मीले माथिल्लो निकायको अनुमति आवश्यक रहेको बताएपछि निर्माण प्रक्रिया अगाडि बढ्न सकेन।
सीमावर्ती क्षेत्रका नागरिकको सहज आवतजावतका लागि नेपाल–भारत मैत्री पुल निर्माण गर्नुपर्नेमा सिंहले जोड दिएका छन् । त्यसका लागि संघीय सरकारको समन्वयमा भारत सरकारसँग कूटनीतिक पहल आवश्यक रहेको उनको भनाइ छ।
दशगजा क्षेत्रमा पर्ने उक्त खोलाबाट वर्षायाममा महुली, जिता, खाँडो, त्रियुगा र भलुवाही लगायतका नदी तथा खोलाको पानी बग्ने गर्छ।
पानीको बहाव बढ्दा पुलविहीन खोलाबाट आवतजावत गर्नु थप जोखिमपूर्ण हुने गरेको तिलाठी कोइलाडी गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश झाले बताए।
उनका अनुसार सुक्खायाममा जसोतसो खोला पार गर्न सकिए पनि वर्षायाममा स्थानीयले जोखिम मोलेर यात्रा गर्नुपर्ने अवस्था छ । पुलको अभावले नेपाल र भारत दुवैतर्फका नागरिकको दैनिक जीवन प्रभावित भएको उनले बताए।
स्थानीयका अनुसार उक्त पुल आवतजावतको माध्यम मात्र नभई दुई देशका नागरिकबीचको सामाजिक, सांस्कृतिक, वैवाहिक तथा व्यापारिक सम्बन्ध सहज बनाउने महत्त्वपूर्ण संरचना पनि हो । पुल नहुँदा स्थानीयस्तरमा हुँदै आएको आर्थिक कारोबार र आपसी सम्बन्धसमेत प्रभावित भएको छ।
सीमावर्ती क्षेत्रमा सुरक्षित आवतजावतको व्यवस्था गर्न दीर्घकालीन समाधान आवश्यक रहेको स्थानीयको भनाइ छ । आठ वर्षदेखि पुल निर्माणको प्रतीक्षामा रहेका उनीहरूले नेपाल र भारतका सम्बन्धित निकायबीच समन्वय गरी सुरक्षित तथा स्थायी पुल निर्माण गर्न सरकारसँग माग गरेका छन्।

# विद्यार्थी आन्दोलनदेखि कांग्रेस सभापतिसम्म थापाको यात्रा




**अच्युत रेग्मी**
**काठमाडौं।**
नेपाली कांग्रेसको सभापतिमा गगनकुमार थापा निर्वाचित भएका छन् । कांग्रेसको १५औं महाधिवेशनअन्तर्गतको शुक्रबार भएको मतदानको शनिबार बिहान सम्पन्न मतगणनामा सभापतिका उम्मेदवार थापाले छ हजार ५ सय ८४ मत ल्याएर विजयी भएको निर्वाचन संयोजक प्रेमबहादुर खड्काले जानकारी दिए।
निर्वाचनमा सभापति थापाका प्रतिस्पर्धी श्यामकृष्ण खड्गीले ३ सय ७५ मत प्राप्त गरे। निर्वाचनमा सात हजार १३ मत खसेकामा ५४ मत बदर भएको थियो। विसं २०४६ को जनआन्दोलनका क्रममा कक्षा ९ मा पढ्दै गर्दा आन्दोलनमा सहभागी थापा झण्डै चार दशकपछि कांग्रेसको नेतृत्वमा पुगेका हुन्।
नवनिर्वाचित सभापति थापाले २०४६ सालमा बालकांग्रेसको सदस्यका रूपमा राजनीतिक यात्रा सुरु गरेका थिए। २०४८ मा नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ) काठमाडौं वडा नं ३३ को सचिव बनेका उनी २०५१ सालमा त्रिचन्द्र क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन सदस्य, २०५३ सालमा सचिव र २०५५ सालमा सभापति निर्वाचित भएका हुन्।
विंस २०५५ मा त्रिभुवन विश्वविद्यालयको सिनेट सदस्य बनेका थापा २०५७ सालमा नेविसङ्घको केन्द्रीय उपाध्यक्ष र २०५९ सालमा महामन्त्री बनेर विद्यार्थी राजनीतिलाई उचाइमा पुर्‍याए। विसं २०६१ मा राजाको प्रत्यक्ष शासनविरुद्धको आन्दोलनमा अग्रपङ्क्तिमा रहेर नेतृत्व गरेका थापामाथि राजद्रोहको मुद्दासमेत लागेको थियो।
अन्तरराष्ट्रिय मानवअधिकार संस्था एम्नेस्टी इन्टरनेसनलले उनलाई ‘आस्थाको बन्दी’ घोषणा गरेको थियो । २०६२–६३ सालको जनआन्दोलनमा गणतन्त्र र लोकतन्त्रको पक्षमा सक्रिय भूमिका निर्वाह गरेपछि उनी राष्ट्रिय राजनीतिमा थप चर्चित बने।
**विंस २०६४ को संविधानसभा निर्वाचनमा** समानुपातिकतर्फबाट सभासद् बनेका थापा संविधान निर्माण, मौलिक हक, बालअधिकार, नागरिकता र ऊर्जा सुरक्षालगायत विषयमा सक्रिय रहे। विसं २०७० मा काठमाडौं क्षेत्र नम्बर ४ बाट निर्वाचित भएपछि संविधान मस्यौदा प्रक्रियामा योगदान पुर्‍याए। विसं २०७१ मा कृषि तथा जलस्रोत समितिको सभापति बनेर कृषि, ऊर्जा र जलस्रोतसम्बन्धी नीतिगत बहसमा भूमिका खेले।
विंस २०७३ मा स्वास्थ्यमन्त्री बनेका थापाले आफ्नो नौ महिने कार्यकालमा स्वास्थ्य सेवा सुधार, स्वास्थ्य बिमा र चिकित्सा शिक्षा सुधारका विषयलाई प्राथमिकता दिए । २०७४ र २०७९ सालको निर्वाचनमा काठमाडौं क्षेत्र नं ४ बाट प्रतिनिधिसभामा निर्वाचित हुँदै उनले शिक्षा, स्वास्थ्य, रोजगारी, वातावरण र सुशासनका विषय संसदमा उठाउँदै आए।
विंस २०७८ मा भएको कांग्रेसको १४औं महाधिवेशनबाट महामन्त्री निर्वाचित थापाले पार्टीभित्र नीतिगत बहस र सङ्गठन सुधारको पक्षमा काम गर्दै आए।
विसं २०८२ भदौ २३ र २४ गते भएको ‘जेनजी’ आन्दोलनपछि पार्टीभित्र युवा सहभागिता अगाडि बढाउनुपर्ने भन्दै पार्टीका अर्को महामन्त्री विश्वप्रकाश शर्मासँग मिलेर विशेष महाधिवेशन आह्वान गरेका थापा विशेष महाधिवेशनपछि पार्टी सभापति सर्वसम्मत निर्वाचित भए।
विशेष महाधिवेशनबाट पार्टीको नेतृत्व लिएका सभापति थापाले नौ महिनापछि पार्टीको १५औं महाधिवेशन गरेर पुनः सभापति पदमा निर्वाचित भए । राजनीतिसँगै अध्यापन, सञ्चार र सामाजिक अभियानमा समेत संलग्न उनले विद्यार्थी जीवनदेखि नै शिक्षा र सार्वजनिक सेवामा सुधारको वकालत गर्दै आएका छन्।
थापाले युवालाई स्वदेशमै अवसर, सार्वजनिक शिक्षामा लगानी, स्वास्थ्य सेवामा समान पहुँच र सुशासनलाई उनले आफ्नो राजनीतिक यात्राका प्रमुख एजेन्डाका रूपमा अघि सार्दै आएका छन् । विद्यार्थी राजनीतिबाट राष्ट्रिय नेतृत्वसम्मको उनको यात्रा नेपाली कांग्रेसको भावी दिशा, सङ्गठन सुधार र नयाँ पुस्ताको राजनीतिक सहभागितासँग जोडेर हेरिँदै आइएको छ।

# एमाले केन्द्रीय कमिटीमा १३ मनोनीत, मधेशबाट धर्मनाथ




**काठमाडौं।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) को शनिबारको स्थायी कमिटी बैठकले विभिन्न जिल्लाका १३ नेतालाई केन्द्रीय कमिटी सदस्यमा मनोनयन गर्ने निर्णय गरेको छ।
पार्टीका अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा भएको बैठकले मनोनयन गरेको हो । महासचिव शङ्कर पोखरेलद्वारा जारी विज्ञप्तिकाअनुसार मनोनीत हुनेमा सिर्जना राई (भोजपुर), सावित्रा अर्याल (रुपन्देही), इन्दु कडरिया विष्ट (कञ्चनपुर), सीता पङ्गेनी (नवलपुर), सीता अधिकारी (पाल्पा), डा. पुष्पा केसी भण्डारी (कास्की), धर्मनाथप्रसाद साह (सिरहा), तेजमान कन्दङवा (तेह्रथुम), टङ्क आङ्बोहाङ (ताप्लेजुङ), नवीन रोक्का (रोल्पा), मीनप्रसाद गुरुङ (स्याङ्जा), डबल पाण्डे (दोलखा) र तेजेन्द्र केसी (रुपन्देही) छन्।
असोज २२ गते सुरु भएर शनिबार सकिएको बैठकले आगामी मङ्सिर पहिलो साता राष्ट्रिय भेला आयोजना गर्ने निर्णय गरेको छ।
राष्ट्रिय भेलामा प्रदेश कमिटीका पदाधिकारी, जिल्ला कमिटीका पदाधिकारी, पालिका कमिटीका अध्यक्ष तथा उपाध्यक्ष र सबै तहका जनप्रतिनिधिको सहभागिता रहने एमालेले जनाएको छ।
बैठकले पार्टीका वडा कमिटीका अधिवेशन आगामी मङ्सिर २६ गते र गाउँपालिका तथा नगरपालिकास्तरीय कमिटीका अधिवेशन पुस ४ गते गर्ने निर्णय गरेको छ।
बैठकको आरम्भमा पार्टीको केन्द्रीय कमिटीको तेस्रो बैठकबाट वरिष्ठ नेतामा मनोनीत भएकी विद्यादेवी भण्डारीले पद तथा गोपनीयताको शपथ ग्रहण गरेकी थिइन्।
बैठकले मधेश प्रदेशसभामा पार्टीका सभासद् जैनब खातुनको निधनपछि रिक्त भएको समानुपातिकतर्फको स्थानमा नाजिमा खातुनलाई मनोनयन गरी निर्वाचन आयोगमा सिफारिस गर्ने निर्णय गरेको छ।
त्यसैगरी, जिल्ला अध्यक्ष पद रिक्त रहेका १३ जिल्लामा सम्बन्धित जिल्ला तहकै निर्णयबाट अध्यक्ष तोकी सङ्गठन कमिटीमा रूपान्तरण गर्ने र अनुमोदनका लागि माथिल्लो कमिटीमा पठाउने निर्णय बैठकले गरेको विज्ञप्तिमा जनाइएको छ।

## चाडपर्वमा सतर्क रहन धनुषा प्रशासनको आग्रह

मधेशदृष्टि
जनकपुरधाम।
बडादशैं, तिहार तथा छठ पर्वलाई शान्तिपूर्ण, सुरक्षित र मर्यादित रूपमा मनाउन जिल्ला प्रशासन कार्यालय धनुषाले जिल्लावासीसँग आग्रह गरेको छ। चाडपर्वलाई लक्षित गरी जिल्ला सुरक्षा समितिबाट एकीकृत सुरक्षा योजना–२०८३ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको प्रशासनले जनाएको छ।
प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले चाडपर्वका बेला हुन सक्ने आपराधिक गतिविधि, दुर्घटना, ठगी तथा अन्य अवाञ्छित क्रियाकलापबाट जोगिन सतर्कता अपनाउन आग्रह गरेका छन् । उनले सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र सार्वजनिक शान्ति कायम राख्दै चाडपर्व मनाउन जिल्लावासीलाई अनुरोध गरेका छन्।
प्रशासनले चाडपर्वका बेला घर तथा पसल बन्द गरेर बाहिर जाँदा ढोका, झ्याल र ताल्चा राम्रोसँग बन्द गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउन आग्रह गरेको छ । त्यस्तै, अनलाइन ठगीबाट बच्न अपरिचित व्यक्तिलाई रकम नपठाउन तथा ओटीपी र पासवर्ड गोप्य राख्न अनुरोध गरेको छ । ठगीमा परेमा तत्काल नजिकको प्रहरी कार्यालय वा साइबर ब्युरोमा उजुरी दिनसमेत प्रशासनले आग्रह गरेको छ।
चाडपर्वका अवसरमा जुवातास, सट्टेबाजी तथा अन्य गैरकानुनी गतिविधिमा संलग्न नहुन र पटका, आतसबाजी तथा विस्फोटक पदार्थको आयात, बिक्रीवितरण र प्रयोग नगर्न पनि प्रशासनले सचेत गराएको छ । मादक पदार्थ वा लागुऔषध सेवन गरी सवारीसाधन नचलाउन तथा ट्राफिक नियमको पूर्ण पालना गर्नसमेत आग्रह गरिएको छ।
मेला, बजार, मन्दिर तथा छठ घाटमा हुने भीडभाडका बेला बालबालिका, ज्येष्ठ नागरिक र बहुमूल्य सामानको विशेष ख्याल गर्न प्रशासनले अनुरोध गरेको छ । छठ पर्वका क्रममा नदी, पोखरी तथा अन्य जलाशयमा सावधानी अपनाउन र बालबालिकालाई एक्लै नछाड्न पनि आग्रह गरिएको छ।
त्यसैगरी, देउसीभैलो तथा धार्मिक–सांस्कृतिक कार्यक्रम सञ्चालन गर्दा सभ्य र मर्यादित व्यवहार अपनाउन, ध्वनि प्रदूषण हुने गरी डिजे नबजाउन तथा अरूलाई असर पर्ने गतिविधि नगर्न प्रशासनले ध्यानाकर्षण गराएको छ । सामाजिक सञ्जालमा भ्रामक सूचना, अफवाह तथा धार्मिक वा साम्प्रदायिक सद्भावमा खलल पुग्ने सामग्री प्रकाशन वा प्रसारण नगर्नसमेत आग्रह गरिएको छ।
कुनै शंकास्पद गतिविधि, झैझगडा, दुर्घटना वा आपराधिक घटना देखिएमा तत्काल नजिकको प्रहरी कार्यालयमा खबर गर्न प्रशासनले अनुरोध गरेको छ । चाडपर्वका समयमा अवाञ्छित वा गैरकानुनी गतिविधिमा संलग्न भएको पाइएमा प्रचलित कानुनअनुसार कारबाही हुने चेतावनीसमेत दिइएको छ।
प्रमुख जिल्ला अधिकारी लुइँटेलले चाडपर्वलाई सुरक्षित, व्यवस्थित र उल्लासमय बनाउन प्रशासनको आग्रह पालना गर्दै जिम्मेवार नागरिकको भूमिका निर्वाह गर्न जिल्लावासीलाई अनुरोध गरेका छन्।

# जनमतमा अनुशासन, पुनरावेदन र निर्वाचनसहित पाँच समिति गठन




**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनमत पार्टीले पाँचवटा केन्द्रीय विशेष समिति गठन गर्दै तिनका पदाधिकारीसमेत चयन गरेको छ। पार्टीको दोस्रो महाधिवेशनबाट निर्वाचित कार्यकारिणी समितिको पहिलो बैठकले विशेष समिति गठन गरेको अध्यक्ष डा. सीके राउतले जानकारी दिएका छन्।
गठित समितिअनुसार केन्द्रीय अनुशासन समितिको संयोजकमा उपाध्यक्ष नरेन्द्र चौधरी चयन भएका छन् । समितिको सचिवमा अनिताकुमारी मण्डल र सदस्यमा सत्यनारायण खड्ग खत्वे रहेका छन् ।त्यस्तै, केन्द्रीय पुनरावेदन समितिको अध्यक्षमा सञ्जयकुमार मिश्र, सचिवमा प्रियंकाकुमारी सन्त र सदस्यमा वीरेन्द्र महतो चयन भएका छन्।
सञ्जयकुमार सिंहको अध्यक्षतामा पाँच सदस्यीय केन्द्रीय निर्वाचन समिति पनि गठन गरिएको छ । समितिको सदस्य सचिवमा राजेशकुमार मण्डललाई चयन गरिएको छ।
यसैगरी, शिवनाथ पटेलको संयोजकत्वमा केन्द्रीय विवाद समाधान समिति गठन गरिएको छ । उक्त समितिको सचिवमा दुष्यन्त कर्ण रहेका छन् । राजेशप्रसाद साहको संयोजकत्वमा गठित केन्द्रीय लेखा समितिको सचिवमा श्यामशङ्कर चौरसिया चयन भएका छन् ।अध्यक्ष राउतका अनुसार पार्टीका अन्य विभाग, मोर्चा तथा परिषद् गठन गर्न भने बाँकी छ।

## सम्पादकीय

# पुराना अपराधको फाइल खुल्दा न्यायको आशा

पर्सा जिल्लामा आफ्नै साली हत्या तथा जबर्जस्ती करणी अभियोगमा मन्सुरी दाजुभाइलाई पुर्पक्षका लागि थुनामा पठाउने अदालतको हालैको आदेशले स्थानीय वृत्तमा ठूलो तरङ्ग पैदा गरेको छ। जिल्ला अदालत पर्साको यो कदमले वर्षौंदेखि दबिएर रहेका वा ओझेलमा पारिएका पुराना हत्याकाण्ड र गम्भीर अपराधका फाइलहरू पुनः खुल्न थालेका हुन् कि भन्ने आम जिज्ञासा र आशा जगाएको छ। अपराधजस्तै जघन्य कार्यमा ढिलो नै सही, अदालतसम्म मामला पुग्नु र न्यायिक प्रक्रिया अघि बढ्नुले कानुनको सर्वोच्चताप्रतिको विश्वासलाई पुनः जीवित गराउने काम गरेको छ।

लामो समयदेखि पर्सा लगायत तराई–मधेशका विभिन्न जिल्लाहरूमा राजनीतिक संरक्षण, आर्थिक प्रभाव र शक्ति केन्द्रको दबाबका कारण अनेकौँ गम्भीर अपराधहरू सामसुम पारिने वा फितलो अनुसन्धान गरेर पन्छाउने परिपाटी हाबी रहँदै आएको थियो। शक्तिशाली र पहुँचवाला व्यक्तिहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिएका घटनाहरूमा प्रहरी अनुसन्धान नै फितलो हुने र पीडितले न्याय नपाउने गुनासो नयाँ होइन। तर हालैका दिनहरूमा अदालत र अनुसन्धान अधिकारीहरूले देखाएको तत्परताले शक्ति र पहुँचको आडमा अपराध लुकाउन सकिन्छ भन्ने भ्रममा परेकाहरूका लागि कडा चेतावनी दिएको छ।

स्थानीय तहदेखि केन्द्रीय राजनीतिमा प्रभाव पार्ने शक्तिमा रहेका व्यक्तिहरूका पुराना काला कर्तुतहरू बिस्तारै सार्वजनिक हुन थाल्नु लोकतन्त्र र विधिको शासनका लागि सकारात्मक सङ्केत हो। जब राजनीतिक वा सामाजिक हैसियत भएका व्यक्तिहरू अपराधको दायरामा आउँछन्, तब मात्र समाजमा 'कानुनको नजरमा सबै समान छन्' भन्ने सन्देश प्रवाह हुन्छ। मन्सुरी दाजुभाइको प्रकरणमा जस्तै अझै फरार रहेका प्रतिवादीहरूलाई दायरामा ल्याउन र विगतका यस्तै अन्य रहस्यमय तथा ओझेलमा परेका घटनाहरूको सत्यतथ्य छानबिन गर्न राज्यका निकायहरू हिच्किचाउनु हुँदैन।

यद्यपि, केही घटनामा न्यायको ढोका उघ्रँदैमा सम्पूर्ण व्यवस्था नै रातारात सुधारियो भनेर ढुक्क भइहाल्ने अवस्था भने छैन। पुराना फाइलहरू धमाधम खुल्ने क्रमलाई केवल एकाध घटनाको संयोग वा क्षणिक सक्रियतामा मात्र सीमित राख्नु हुँदैन। यसलाई एउटा दीर्घकालीन अभियानकै रूपमा अघि बढाउनु आवश्यक छ, ताकि कुनै पनि अपराधीले राजनीतिक पहुँच वा शक्तिको आडमा उन्मुक्ति नपाओस्। यदि अनुसन्धान निष्पक्ष, पारदर्शी र राजनीतिक हस्तक्षेपमुक्त हुन सक्यो भने मात्र विगतमा दबाइएका अनेकौँ अपराधका फाइलहरूबाट सत्य बाहिर आउन सक्नेछ।

अन्ततः, ढिलो गरी पाइने न्यायले पनि पीडित परिवारका लागि ठूलो राहत र समाजका लागि अपराधविरुद्धको दह्रो सन्देश दिन्छ। पर्सामा देखिएको यो न्यायिक तत्परताले निष्पक्ष अनुसन्धानको ढोका खोलेको छ र आम नागरिकमा न्याय प्रणालीप्रतिको भरोसा बढाएको छ। अबका दिनमा राज्यका सम्पूर्ण अनुसन्धानकारी र न्यायिक निकायहरू कुनै पनि शक्ति वा दबाबको अगाडि नझुकी पुराना तथा नयाँ सम्पूर्ण अपराधका फाइलहरूलाई निष्पक्ष रूपमा छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउन दृढतापूर्वक लाग्नुपर्छ।

# ऊर्जा आपूर्ति र विश्व अर्थतन्त्रका विषयमा पुटिन–ट्रम्पबीच महत्त्वपूर्ण संवाद

–एपी/सिन्ह्वा

रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पबीच शुक्रबार महत्त्वपूर्ण टेलिफोन वार्ता सम्पन्न भएको छ। वार्ताका क्रममा युक्रेन संकटको शान्तिपूर्ण समाधानका सम्भावना, विश्वव्यापी ऊर्जा आपूर्तिको अवस्था, इरानसँग सम्बन्धित घटनाक्रम तथा रुस–अमेरिका द्विपक्षीय सम्बन्धका विविध पक्षमा विचार आदानप्रदान भएको क्रेमलिनले जनाएको छ।

क्रेमलिनका अनुसार दुवै राष्ट्रपतिबीच भएको उक्त संवादमा समसामयिक अन्तर्राष्ट्रिय परिस्थितिका महत्त्वपूर्ण विषयहरू समेटिएका थिए। विशेषगरी युक्रेन संकटको समाधानका लागि सम्भावित कूटनीतिक पहल अघि बढाउने, अन्तर्राष्ट्रिय ऊर्जा बजारमा आपूर्ति व्यवस्थालाई सहज बनाउने तथा दुई देशबीच संवाद र सहकार्यलाई निरन्तरता दिने विषयमा छलफल भएको थियो।

**विश्व ऊर्जा आपूर्ति र आर्थिक सहकार्यमाथि जोड**

वार्ताका क्रममा राष्ट्रपति भ्लादिमिर पुटिनले संयुक्त राज्य अमेरिका तथा विश्वका अन्य बजारमा तेल र पेट्रोलियम पदार्थ आपूर्ति गर्न रुस तत्पर रहेको बताउनुभएको छ। उहाँले प्रस्तावित ऊर्जा आपूर्तिले विश्व अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गर्नुभएको समाचारमा उल्लेख छ।

यसै सन्दर्भमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जाल ट्रुथ सोसलमार्फत वार्ताबारे जानकारी दिँदै रुसबाट अमेरिकी तथा अन्तर्राष्ट्रिय बजारमा ठूलो परिमाणमा डिजेल इन्धन आपूर्ति गर्ने विषयमा सहमति भएको बताउनुभएको छ।

राष्ट्रपति ट्रम्पका अनुसार रुसले तत्काल तीन लाख टनभन्दा बढी डिजेल इन्धन आपूर्ति गर्नेछ। त्यसपछि नोभेम्बर महिनामा थप पाँच लाख टन तथा त्यसलगत्तै थप १० लाख टन डिजेल उपलब्ध गराउने योजना रहेको उहाँले उल्लेख गर्नुभएको छ। साथै, रुसी डिजेल प्रशोधन केन्द्रहरूको अवस्थालाई ध्यानमा राख्दै छोटो अवधिभित्र थप ३० लाख टन डिजेल आपूर्ति गरिने उहाँको भनाइ छ।

राष्ट्रपति ट्रम्पले प्रस्तावित आपूर्तिले अन्तर्राष्ट्रिय बजारमा डिजेलको मूल्य घटाउन तथा विश्वव्यापी ऊर्जा उपलब्धतालाई सहज बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको छ।

**डिजेल निर्यात सहज बनाउने रुसी तयारी**

राष्ट्रपतिहरूबीचको वार्तापछि रुसी उपप्रधानमन्त्री अलेक्जेन्डर नोभाकले डिजेल इन्धन निर्यातसम्बन्धी प्रतिबन्धहरू निर्धारित समयभन्दा अगाडि नै हटाउने प्रक्रिया अघि बढाइने जानकारी दिनुभएको छ। उहाँका अनुसार रुस संयुक्त राज्य अमेरिका लगायत अन्य साझेदार मुलुकलाई पनि थप परिमाणमा डिजेल इन्धन आपूर्ति गर्न तयार रहेको छ।

यसैबीच, अमेरिकी अर्थ मन्त्रालयले रुसी मूलको डिजेल इन्धनको बिक्री, ढुवानी, जहाजबाट अनलोड तथा आयात गर्न अनुमति दिने अस्थायी सामान्य इजाजतपत्र जारी गरेको समाचारमा उल्लेख छ।

यी घटनाक्रमले अन्तर्राष्ट्रिय ऊर्जा बजारमा आपूर्ति व्यवस्थालाई सहज बनाउने सम्भावना प्रस्तुत गरेका छन्। प्रस्तावित आपूर्ति योजनाले विश्वव्यापी ऊर्जा व्यापार र आर्थिक गतिविधिमा कस्तो प्रभाव पार्छ भन्ने विषय आगामी घटनाक्रमबाट स्पष्ट हुँदै जानेछ।

**युक्रेन संकटको शान्तिपूर्ण समाधानबारे विचार आदानप्रदान**

राष्ट्रपति पुटिन र राष्ट्रपति महामहिम ट्रम्पबीचको वार्तामा युक्रेन संकटको समाधानका सम्भावनाले विशेष प्राथमिकता पाएको क्रेमलिनका सहयोगी युरी उशाकोभले बताउनुभएको छ।

उहाँका अनुसार करिब डेढ घण्टासम्म चलेको उक्त वार्ता मैत्रीपूर्ण तथा विषयवस्तुमा केन्द्रित रहेको थियो। वार्ताका क्रममा राष्ट्रपति पुटिनले द्वन्द्वको वर्तमान अवस्था र त्यससँग सम्बन्धित पछिल्ला घटनाक्रमबारे रुसी पक्षको धारणा प्रस्तुत गर्नुभएको थियो।

उशाकोभले रुसी पक्षले युक्रेनसँग सम्बन्धित सुरक्षा परिस्थितिबारे आफ्ना चासोहरू व्यक्त गरेको जानकारी दिनुभएको छ। साथै, उहाँले रुसी सेनाले युद्धमोर्चामा अग्रसरता कायम राखेको दाबी पनि गर्नुभएको छ।

रुसी पक्षले आफ्नो भूभागमा भएका भनिएका आक्रमण तथा त्यससँग सम्बन्धित सुरक्षा चुनौतीबारे पनि धारणा सार्वजनिक गरेको छ। यी विवरण रुसी अधिकारीहरूको भनाइमा आधारित छन्।

युक्रेन संकटको शान्तिपूर्ण समाधानका लागि कूटनीतिक संवाद, आपसी समझदारी र सम्भावित सहमतिका अवसरहरू महत्त्वपूर्ण रहने सन्दर्भमा दुवै राष्ट्रपतिबीच भएको छलफललाई उल्लेखनीय मानिएको छ। यद्यपि, यस वार्ताबाट तत्काल युद्धविराम वा शान्ति सम्झौता भएको आधिकारिक पुष्टि गरिएको छैन।

**त्रिपक्षीय वार्ता पुनः सुरु गर्ने सम्भावना**

क्रेमलिनका सहयोगी युरी उशाकोभका अनुसार यसअघि रुस, युक्रेन र अमेरिकाबीच त्रिपक्षीय वार्ता पुनः सुरु गर्ने सम्भावनाबारे छलफल भएको थियो। रुसी राज्य डुमाको निर्वाचनपछि यस्तो संवाद अघि बढाउन सकिने विषयमा विचार गरिएको उहाँले बताउनुभएको छ।
तर, पछिल्ला घटनाक्रमले तत्काल वार्ता पुनः सुरु गर्ने सम्भावनालाई प्रभावित पारेको रुसी पक्षको धारणा रहेको छ।

उशाकोभले मस्कोसहित अन्य रुसी सहर तथा मतदान केन्द्रहरूमा भएको भनिएको ड्रोन आक्रमण र निर्वाचन प्रक्रियामा संलग्न व्यक्तिहरूमाथि लक्षित गतिविधिप्रति चिन्ता व्यक्त गर्नुभएको
छ। उहाँका अनुसार यी घटनाले वार्ताका लागि अनुकूल वातावरण निर्माण गर्ने प्रयासमा चुनौती उत्पन्न गरेको छ।

यस विषयमा रुसी पक्षले आफ्नो धारणा सार्वजनिक गरे पनि त्रिपक्षीय वार्ता पुनः कहिले र कुन प्रक्रियामार्फत अघि बढ्न सक्छ भन्नेबारे थप आधिकारिक जानकारी आउन बाँकी छ।

**इरानको अवस्था र द्विपक्षीय सम्बन्धबारे पनि छलफल**

राष्ट्रपति पुटिन र राष्ट्रपति ट्रम्पबीचको वार्तामा इरानसँग सम्बन्धित परिस्थितिका साथै रुस–अमेरिका द्विपक्षीय सम्बन्धका विभिन्न पक्षमा पनि छलफल भएको क्रेमलिनले जनाएको छ।

दुवै राष्ट्रपतिले आपसी सम्पर्क कायम राख्ने तथा आ–आफ्ना प्रशासन, गुप्तचर निकाय र अन्य सम्बन्धित संस्थाबीच संवाद र सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता दोहोर्याउनुभएको छ।

अन्तर्राष्ट्रिय सुरक्षा, क्षेत्रीय स्थिरता र ऊर्जा आपूर्तिजस्ता विषयमा प्रमुख राष्ट्रहरूबीच निरन्तर संवाद कायम रहनु महत्त्वपूर्ण मानिन्छ। यस सन्दर्भमा पुटिन र ट्रम्पबीच भएको पछिल्लो वार्ताले आपसी सम्पर्क तथा कूटनीतिक संवादलाई निरन्तरता दिने प्रयासलाई प्रतिबिम्बित गरेको छ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच भएको पछिल्लो टेलिफोन वार्तामा युक्रेन संकटको समाधान, अन्तर्राष्ट्रिय ऊर्जा आपूर्ति तथा द्विपक्षीय सम्बन्धका महत्त्वपूर्ण विषयमा विचार आदानप्रदान भएको छ।

रुसले अन्तर्राष्ट्रिय बजारमा डिजेल इन्धन आपूर्ति बढाउने तत्परता व्यक्त गरेको छ भने अमेरिकाले रुसी मूलको डिजेल कारोबारका लागि अस्थायी अनुमति जारी गरेको विवरण सार्वजनिक भएको छ। यससँगै युक्रेन संकट समाधानका सम्भावना, सम्भावित त्रिपक्षीय वार्ता र आपसी सहकार्यलाई निरन्तरता दिने विषयमा पनि छलफल भएको छ।

उक्त संवादलाई अन्तर्राष्ट्रिय ऊर्जा आपूर्ति, कूटनीतिक सम्बन्ध तथा क्षेत्रीय स्थिरतासँग सम्बन्धित विषयमा उच्चस्तरीय सम्पर्क कायम राख्ने महत्त्वपूर्ण प्रयासका रूपमा लिन सकिन्छ। आगामी दिनमा प्रस्तावित ऊर्जा आपूर्ति योजनाको कार्यान्वयन, युक्रेन संकट समाधानका लागि हुने कूटनीतिक पहल तथा रुस–अमेरिका सम्बन्धमा विकसित हुने परिस्थितिले यस वार्ताको व्यावहारिक महत्त्व थप स्पष्ट पार्नेछ।

# अण्डाको उत्पादन र खपत बढाउन आवश्यक

–नारायण अधिकारी / रासस

मानव स्वास्थ्यका लागि अत्यावश्यक 'अण्डा'को उत्पादन र खपत बढाउनु पर्ने कुरामा जोड दिइएको छ। मानव शरीरका लागि अत्यावश्यक पोषण तत्व 'अण्डा'बाट प्राप्त हुने भएकाले यसको उत्पादन बढाएरसँगै खपत पनि बढाउनु पर्नेमा सरोकारवालाहरुले सुझाव छ।

यसै सन्दर्भमा नेपालमा 'अण्डा'को उत्पादन र खपत बढाउन यहाँ बहस कार्यक्रम आयोजना गरिएको छ। विश्व अण्डा दिवसको अवसरमा नेपाल लेयर्स कुखुरापालक संघद्वारा शुक्रबार यहाँ आयोजना गरेको छलफल कार्यक्रममा सरोकारवालाहरुले निजी क्षेत्र र सरकारी निकायको संयुक्त प्रयासमा 'अण्डा' उत्पादन बढाउन र यसको खपत बृद्धि गर्न आवश्यक रहेकामा जोड दिएका छन्।

कार्यक्रममा नेपाल लेयर्स कुखुरा पालक संघका केन्द्रीय अध्यक्ष विनोद पोखरेलले सरकारले सहयोग र साथ दिएमा 'अण्डा' उत्पादन बढाउन आफूहरुले सक्ने जानकारी दिनुभयो। उहाँले भन्नुभयो, 'अण्डा उपभोग बढाउन आफूहरुले गर्ने आग्रहलाई व्यवसायसँग जोड्ने भएकाले सरकारी तवरबाट जे हो त्यस विषयलाई आम जनतासम्म पु¥याइदिनुपर्छ।' उहाँले 'अण्डा' ले लागत अनुसारको मूल्य पाउन थालेपछि किसानहरू पनि आर्कषित हुन थालेको जनाउँदै केही नाफा आएसँगै कृषकको संख्या पनि बढ्ने जानकरी दिनुभयो। अध्यक्ष पोखरेलले भन्नुभयो, 'भारतबाट भन्सार छलेर आउने 'अण्डा' गत वैशाखदेखि रोकिएपछि किसानहरूले राहत महसुस गरेका छन्। विद्यार्थीहरुको दिवा खाजामा सबै दिन अण्डा खुवाउने व्यवस्था सरकारी तर्फबाट भएमा प्रति अण्डा रु. ५ किसानको तर्फबाट छुट दिन आफूहरु तयार छौँ।'

उहाँका अनुसार हाल नेपालमा दैनिक ३८ लाख हाराहारी 'अण्डा' उत्पादन हुने गरेको छ। देशभरका लेयर्स पाल्न किसानहरूलाई संगठित गरेर कोभिड–१९को महामारी पूर्वको अवस्था जस्तो दैनिक ६५ देखि ७० लाख 'अण्डा' उत्पादन गर्ने नीति अनुरूप काम भइरहेको छ। चार वर्ष अघिसम्म १२० को हाराहारीमा रहेका लेयर्स कुखुरापालक ठूला किसानको संख्या अहिले बढेर १८० पुगेको छ भने 'अण्डा' का बजारमा मूल्य प्रति क्यारेट (३० वटा) करिब ६ सयको हाराहारीमा पुगेको छ। व्यवसायीहरूको प्रति 'अण्डा' को लागत मूल्य रु.१९.१२ याँ पर्ने संघका अध्यक्ष पोखरेलले जानकारी दिनुभयो। चार वर्ष अघि 'अण्डा' उत्पादन गर्ने किसान अधिकांश विस्थापित भएर रहेका केही मिलेर संगठित भई बजारीकरण गरेकै कारण आज लागत मूल्य पाउने अवस्थामा आफूहरु पुगेको उहाँले जानकारी दिनुभयो।

**नेपालमा वार्षिक प्रतिव्यक्ति ६९ 'अण्डा' खपत**

पोषण विज्ञ डा. दिनेश गौतमले अन्य देशको तुलनामा नेपालमा 'अण्डा' को खपत निकै कम रहेको तथ्यांक प्रस्तुत गर्नुभयो। उहाँका अनुसार विश्वमा प्रतिवर्ष सरदर खपत १८५ वटा छ। एसियाको तथ्यांक हेर्दा विश्वको तुलनामा दुई वटा बढी अर्थात् १८७ रहेको छ। दक्षिण एसियामा जम्मा ८७ मात्रै छ। यो विश्वको तथ्यांकलाई हेर्दा ९८कम हो।

नेपालमा वार्षिक प्रतिव्यक्ति ६९ 'अण्डा' खपत हुने गरेको छ। यो विश्वको तथ्यांकलाई हेर्दा ११६ कम हो। भारतमा ११२, श्रीलंकामा १३२, बंगलादेशमा १३७, पाकिस्तानमा ४८ र अफ्रिकामा ४० मात्रै खपत हुने गरेको उहाँले जानकारी दिनुभयो।

सन् २०१५ मा नेपालमा वार्षिक प्रतिव्यक्ति ६० 'अण्डा' खपत हुने गरेकामा अहिले बढेर ६९ पुगेको पोषण विज्ञ डा गौतम भनाइ छ। १५ प्रतिशत बृद्धि भएपनि यस अवधिमा जनसंख्या बृद्धि ६ प्रतिशत रहेको उहाँले बताउनुभयो। विश्वमा सबैभन्दा बढी चीनमा 'अण्डा' उत्पादन हुन्छ भने दोस्रोमा भारत रहेको छ। ती देशमा उत्पादन बढी हुँदै गर्दा नेपालमा 'अण्डा' उत्पादन बढाएर खपत समेत बढाउनु पर्ने उहाँको भनाइ थियो।

कृषि, वन तथा पर्यावरण मन्त्रालयका सहसचिव डा.रामानन्द तिवारीले 'अण्डा' को उत्पादन मात्रै बढाएर नपुग्ने जनाउँदै खपत बढाउनु पर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, 'सरकारी तवरबाट समेत 'अण्डा' को प्रयोग बढाउन प्रचारात्मक काम गरिएको छ। कृषकहरुलाई प्रोत्साहन गर्ने गरी कृषि ऐन जारी गर्न लागिएको छ। यसले किसानका सन्तानलाई छात्रवृत्ति, कृषि ढुवानीका साधनलाई छुट्टै नम्बर, कृषक र परिवारलाई यातायातमा छुट जस्तो विषय समावेश गरिएको छ र कृषि पेशालाई गर्व गर्न योग्य बनाईने छ।'

**'अण्डा' प्रोटिनको स्रोत ः चिकित्सक**

सो अवसरमा बरिष्ठ फिजिसियन डा. भोजराज अधिकारीले 'अण्डा' प्रोटिनको स्रोत मात्र नभई शरीरको वृद्धि, विकास र समग्र स्वास्थ्यका लागि आवश्यक विभिन्न पोषक तत्वको महत्वपूर्ण स्रोत भएको बताउनुभयो। उहाँले 'अण्डा' शरीरलाई आवश्यक पर्ने उच्च गुणस्तरको प्रोटिनको सहज तथा तुलनात्मक रूपमा सुलभ स्रोत भएकाले यसको महत्वबारे सही जानकारी आम नागरिकसम्म पु¥याउन आवश्यक रहेको बताउनुभयो। उहाँले भन्नुभयो 'एउटा अण्डामा करिब ६ ग्राम प्रोटिनसँगै भिटामिन ए, बी समूह, डी, ई, फोलेट, फस्फोरस, सेलेनियम, जिंक लगायतका विभिन्न पोषक तत्व पाइन्छन्।'

एउटा 'अण्डा' को पहेँलो भाग समेत खान हुने जनाउँदै उहाँले दुई वर्ष पुगेपछि बच्चालाई 'अण्डा' खुवाउन मिल्ने बताउनुभयो। उहाँले भन्नुभयो 'अण्डाका परिकार बनाउँदा नै दुइ 'अण्डा'लाई एउटा सम्झेर बनाउनु पर्छ।'

युसेक अमेरिकन सोयका कन्ट्री मार्केट लिड डा अशेष भट्टराईले नेपालको 'अण्डा' उत्पादन र बजारीकरणमा आफूहरुले सहयोग गर्दै आएको जनाउँदै निजी र सरकारी क्षेत्रको साझेदारीमा मात्रै उत्पादन र खपत बढाउन सकिने बताउनुभयो। 'अण्डा' मा हुने गुणका विषयमा आम नागरिकसम्म पु¥याउन उहाँको जोड थियो। सहभागीहरुले विद्यालयका पाठ्यक्रमहरुमा 'अण्डा'को महत्व समावेश गरी पठनपाठनको व्यवस्था गर्नुपर्ने, अण्डाले लागत मूल्य पाउनु पर्ने परिस्थिति सरकारले सिर्जना गर्नुपर्नेमा जोड दिएका थिए।

# जलवायु मुद्दा अन्तरराष्ट्रियकरणमा उपलब्धि

राष्ट्रिय समाचार समिति

परराष्ट्रमन्त्री शिशिर खनाल फिजी र टुभालुमा आयोजित जलवायु परिवर्तनसम्बन्धी उच्चस्तरीय 'प्रि–कोप लिडर्स इभेन्ट' मा सहभागी हुनुका साथै अस्ट्रेलियाको औपचारिक भ्रमण सम्पन्न गरी स्वदेश फर्कनुभएको छ।

भ्रमणका क्रममा अस्ट्रेलियाले नेपालमा हालै गएको विनाशकारी बाढीबाट प्रभावित क्षेत्रको राहत, पुनर्लाभ तथा पुनर्निर्माणका लागि थप १५ मिलियन अस्ट्रेलियन डलर अनुदान सहायता घोषणा गरेको छ।

यससँगै बाढी विपद् प्रतिकार्यका लागि अस्ट्रेलियाले घोषणा गरेको कुल सहायता २६ मिलियन अस्ट्रेलियन डलर पुगेको मन्त्री खनालले जानकारी दिनुभयो।

स्वदेश फर्किएपछि भ्रमणका उपलब्धिबारे जानकारी दिँदै मन्त्री खनालले नेपालको जलवायु संवेदनशीलतालाई अन्तरराष्ट्रिय मञ्चमा उजागर गर्न, न्यायोचित जलवायु वित्त परिचालन गर्न र अस्ट्रेलियासँगको द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउन भ्रमण महत्त्वपूर्ण रहेको बताउनुभयो।

आगामी नोभेम्बरमा टर्कीको अन्टाल्यामा आयोजना हुने जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिको ३१औँ सम्मेलन (कोप–३१) का लागि राजनीतिक सहमति निर्माण गर्ने तथा विश्वव्यापी जलवायु एजेन्डालाई अघि बढाउने उद्देश्यले अस्ट्रेलिया, फिजी र टुभालुका सरकार प्रमुखहरूको निमन्त्रणामा मन्त्री खनालले भ्रमण गर्नुभएको थियो।

**जलवायु न्यायका लागि नेपालको आवाज**

भ्रमणका क्रममा मन्त्री खनालले यही अक्टोबर ६ मा फिजीको नाडीमा आयोजित 'प्रि–कोप लिडर्स प्लेनरी' लाई सम्बोधन गर्दै हिमाली तथा प्रशान्त महासागरका टापु राष्ट्रहरूले जलवायु परिवर्तनका कारण समान प्रकृतिका जोखिम सामना गरिरहेको उल्लेख गर्नुभएको थियो।

उहाँले हिमनदी पग्लिने र समुद्री सतह बढ्ने समस्या एउटै विश्वव्यापी जलवायु सङ्कटका परस्पर जोडिएका पक्ष भएको बताउँदै हिमालदेखि समुद्रसम्मका राष्ट्रबीच सहकार्य आवश्यक रहेकोमा जोड दिनुभएको थियो।

सम्बोधनका क्रममा मन्त्री खनालले नेपालको भोटेकोशी जलाधार क्षेत्रमा आएको विनाशकारी बाढीलाई 'हिमाली सुनामी' को संज्ञा दिँदै जलवायु परिवर्तनमा न्यून योगदान रहेका नेपालजस्ता मुलुकले त्यसको गम्भीर मूल्य चुकाउनुपरेको बताउनुभएको थियो।

कोप–३१ का लागि नेपालका चार प्राथमिकता प्रस्तुत गर्दै मन्त्री खनालले विश्वव्यापी तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्ने लक्ष्यप्रतिको प्रतिबद्धता, ऋणको भार नथपिने गरी अनुदानमा आधारित अनुकूलन वित्त, हानि तथा नोक्सानी कोषको प्रभावकारी परिचालन र 'सगरमाथादेखि समुद्रसम्म' साझेदारीको विकासमा जोड दिनुभएको थियो।

टुभालु भ्रमणका क्रममा मन्त्री खनालले समुद्री कटान र तीव्र ज्वारभाटाको जोखिममा रहेको फुनाफुतीस्थित 'कजवे' क्षेत्र तथा टुभालु कोस्टल एडाप्टेसन प्रोजेक्टअन्तर्गत निर्माण गरिएका संरचनाको अवलोकन गर्नुभएको थियो।

भ्रमणले हिमाली क्षेत्रको जलवायु जोखिम र प्रशान्त क्षेत्रका टापु राष्ट्रहरूले सामना गरिरहेका चुनौतीबीच समानता पहिचान गर्न तथा जलवायु न्यायका पक्षमा साझा आवाज निर्माण गर्न सहयोग पुगेको उहाँले बताउनुभएको थियो।'प्रि–कोप' कार्यक्रमका अवसरमा जारी 'टाकु पाकासोआ घोषणापत्र' मा हिमनदी तथा हिमचादरको क्षयसम्बन्धी विषय समावेश भएको पनि उहाँले जानकारी दिनुभएको थियो।

**अस्ट्रेलियाबाट थप १५ मिलियन डलर सहायता**

अक्टोबर ८ मा अस्ट्रेलियाको मेलबर्नस्थित कमनवेल्थ पार्लियामेन्ट कार्यालयमा विदेशमन्त्री पेन्नी वोङसँग भएको उहाँको द्विपक्षीय वार्तामा नेपाल–अस्ट्रेलिया सम्बन्धका विविध पक्षमा छलफल भएको थियो।

वार्ताका क्रममा विदेशमन्त्री वोङले नेपालको बाढी विपद्बाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै अस्ट्रेलिया सरकार र जनताको ऐक्यबद्धता प्रकट गर्नुभएको थियो। बाढीपछि अस्ट्रेलियाले खोज तथा उद्धार सामग्री, प्राविधिक विशेषज्ञ र यसअघि घोषणा गरिएको ११ मिलियन अस्ट्रेलियन डलर मानवीय सहायता उपलब्ध गराएको थियो।

थप १५ मिलियन अस्ट्रेलियन डलर सहायता घोषणासँगै नेपालको विपद् प्रतिकार्यका लागि अस्ट्रेलियाले घोषणा गरेको कुल सहायता २६ मिलियन अस्ट्रेलियन डलर पुगेको छ।

बैठकमा जलवायु सहकार्य, हिमनदी अनुगमन, पूर्वसूचना प्रणालीको आधुनिकीकरण तथा जलवायु अनुकूलित पूर्वाधार निर्माणमा प्राविधिक साझेदारी विस्तार गर्ने विषयमा समेत छलफल भएको थियो। मन्त्री खनालले नेपाली विद्यार्थीका लागि अस्ट्रेलियाको विद्यार्थी भिसा प्रक्रिया निष्पक्ष, सहज र अनुमानयोग्य बनाउन आग्रह गर्नुभएको थियो।

साथै, उहाँले प्राविधिक तथा व्यावसायिक शिक्षा, विश्वविद्यालयबीच संयुक्त अनुसन्धान, संयुक्त डिग्री कार्यक्रम र अस्ट्रेलिया अवाड्र्स छात्रवृत्तिको कोटा वृद्धि गर्न सहकार्यको प्रस्ताव राख्नुभएको थियो।

नेपालमा जलविद्युत्, नवीकरणीय ऊर्जा, प्रविधि हस्तान्तरण, दिगो कृषि तथा पर्यटन क्षेत्रमा अस्ट्रेलियाली लगानी भित्र्याउने र दुई देशबीच सिधा हवाई सम्पर्क स्थापना गर्ने विषयमा पनि छलफल भएको मन्त्री खनालले बताउनुभएको थियो।

**न्यु साउथ वेल्ससँग विपद् व्यवस्थापनमा सहकार्यको प्रस्ताव**

मन्त्री खनालले अक्टोबर ८ मा अष्ट्रेलियाको सिड्नीमा न्यु साउथ वेल्सका प्रिमियर क्रिस मिन्ससँग भेटवार्ता गर्नुभएको थियो। भेटमा प्रिमियर मिन्सले नेपालको बाढी विपद्प्रति व्यक्त गर्नुभएको समवेदना र ऐक्यबद्धताका लागि मन्त्री खनालले धन्यवाद दिनुभएको थियो।

न्यु साउथ वेल्सले विगतमा बाढी तथा डढेलो व्यवस्थापन र पुनर्निर्माणमा हासिल गरेको अनुभवबाट नेपालले सिक्न सक्ने विषयमा छलफल भएको थियो।
दुवै पक्षले विपद् व्यवस्थापनसम्बन्धी निकायबीच अध्ययन भ्रमण तथा प्राविधिक आदानप्रदान गर्ने सम्भावनाबारे पनि विचारविमर्श गरेका थिए।

साथै, सिड्नीको वेस्टर्न सिड्नी अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि नेपालसँग सिधा हवाई सम्पर्क विस्तार गर्ने सम्भावना तथा नेपाली समुदायको भाषा, संस्कृति र सामुदायिक केन्द्रलाई सहयोग गर्ने विषयमा छलफल भएको थियो।

यसै क्रममा मन्त्री खनालले अस्ट्रेलियाका गभर्नर–जनरल साम मोस्टिनसँग क्यानबेरामा भेटवार्ता गर्नुभएको थियो। भेटमा नेपाल–अस्ट्रेलिया सम्बन्ध, नेपाली विद्यार्थी तथा प्रवासी नेपाली समुदायका चासो र कोप–३१ मा नेपालको जलवायु एजेन्डालाई समर्थन गर्ने विषयमा छलफल भएको थियो।

उहाँले अस्ट्रेलियाको सङ्घीय संसद्का प्रतिपक्षी दलका उपनेता एङ्गस टेलरसँग भर्चुअल संवाद गर्नुभएको थियो भने सांसद एलेक्स हकसँग सिड्नीमा भेट गरी शैक्षिक सहकार्य, नेपाली विद्यार्थीको हित र द्विपक्षीय सम्बन्धबारे विचार आदानप्रदान गर्नुभएको थियो।

**पुनर्निर्माणमा प्रवासी नेपालीको सीप र ज्ञान उपयोग गर्न आग्रह**

अस्ट्रेलियामा बसोबास गर्ने दुई लाखभन्दा बढी नेपाली समुदायका प्रतिनिधि, प्राज्ञ, व्यवसायी तथा विद्यार्थीसँग मन्त्री खनालले मेलबर्न, सिड्नी र क्यानबेरामा अन्तरक्रिया गर्नुभएको थियो।

नेपालमा आएको बाढीपछि राहत तथा सहयोग जुटाउन प्रवासी नेपालीले देखाएको तत्परताको प्रशंसा गर्दै उहाँले विपद्पछिको पुनर्निर्माणमा उनीहरूको सीप, ज्ञान र प्रविधि उपयोग गर्न आह्वान गर्नुभएको थियो।

नेपालमा पुनर्निर्माणका लागि प्रारम्भिक अनुमानअनुसार करिब पाँच अर्ब अमेरिकी डलर बराबरको स्रोत आवश्यक पर्ने उल्लेख गर्दै उहाँले प्रवासी नेपाली समुदायलाई देशको पुनर्निर्माण प्रक्रियामा सहभागी हुन आग्रह गर्नुभएको थियो। विदेशमा रहेका नेपालीका लागि कन्सुलर सेवा थप प्रभावकारी बनाउने र समुदायका चासो सम्बोधन गर्ने प्रतिबद्धतासमेत उहाँले व्यक्त गर्नुभएको थियो।

**आर्थिक कूटनीतिलाई प्राथमिकता दिन निर्देशन**

भ्रमणका क्रममा मन्त्री खनालले क्यानबेरास्थित नेपाली राजदूतावासको निरीक्षण गरी सेवा प्रवाह तथा कूटनीतिक गतिविधिबारे जानकारी लिनुभएको थियो। उहाँले दूतावासका अधिकारीहरूलाई नेपाली विद्यार्थी, पेसाकर्मी तथा आम नागरिकलाई उपलब्ध गराइने राहदानी, प्रमाणीकरणलगायतका कन्सुलर सेवा छरितो, झन्झटरहित र प्रविधिमैत्री बनाउन निर्देशन दिनुभएको थियो।

त्यस्तै, नेपालको राष्ट्रिय हितअनुकूल आर्थिक कूटनीतिलाई प्राथमिकतामा राख्न, अस्ट्रेलियाबाट गुणस्तरीय लगानी भित्र्याउन, द्विपक्षीय व्यापार अभिवृद्धि गर्न, पर्यटन प्रवद्र्धन गर्न र दुई देशबीच भएका सहकार्यलाई परिणाममुखी बनाउन उहाँले निर्देशन दिनुभएको थियो।

परराष्ट्रमन्त्री खनालले समग्र भ्रमणबाट नेपालको जलवायु कूटनीतिलाई अन्तरराष्ट्रिय स्तरमा सशक्त बनाउन, बाढी प्रभावित क्षेत्रको पुनर्निर्माणका लागि थप सहयोग जुटाउन तथा व्यापार, लगानी, शिक्षा र हवाई सम्पर्कसम्बन्धी द्विपक्षीय कार्यसूची अघि बढाउन सहयोग पुगेको बताउनुभयो।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# राम युवा कमिटीको दुर्गा पूजाको तयारी पूरा, झिझिया प्रतियोगितादेखि रावण वधसम्मका कार्यक्रम




**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधामस्थित राम युवा कमिटीले यस वर्षको दशैँ तथा दुर्गा पूजाको तयारी अन्तिम चरणमा पुगेको जनाएको छ । कमिटीले बौधी माता र अमरखाना माइ मन्दिरमा धार्मिक तथा सांस्कृतिक कार्यक्रमसहित दुर्गा पूजा आयोजना गर्ने तयारी गरेको हो । घटस्थापनाको पूर्वसन्ध्यामा आयोजित पत्रकार सम्मेलनमार्फत कमिटीले पूजाआजासँगै दशैँको सांस्कृतिक महत्त्व झल्काउने विभिन्न कार्यक्रम सार्वजनिक गरेको छ । कमिटीका अध्यक्ष विजयकुमार साहका अनुसार दशैँको द्वितीयादेखि षष्ठीसम्म प्रत्येक साँझ भजन कार्यक्रम आयोजना गरिनेछ । धार्मिक आस्था अभिवृद्धि गर्नुका साथै श्रद्धालुलाई पूजाआजामा सहभागी गराउने उद्देश्यले भजन कार्यक्रम राखिएको उनले बताए।

त्यस्तै, सप्तमीका दिन मिथिलाको मौलिक लोकसंस्कृतिको अभिन्न अंग मानिने झिझिया नृत्य प्रतियोगिता आयोजना गरिनेछ । प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने सहभागीलाई प्रथम, द्वितीय र तृतीय पुरस्कार प्रदान गरिने अध्यक्ष साहले जानकारी दिए । अष्टमीका दिन महावीर युवा कमिटीसँगको सहकार्यमा बोकाबलि कार्यक्रम आयोजना गरिनेछ भने विजयादशमीका दिन रावण वध कार्यक्रममार्फत विजय उत्सव मनाइने कमिटीले जनाएको छ।

धार्मिक तथा सांस्कृतिक कार्यक्रमलाई व्यवस्थित र मर्यादित रूपमा सम्पन्न गर्न आवश्यक व्यवस्थापकीय तयारी भइरहेको कमिटीले जनाएको छ। राम युवा कमिटीले विगत ३६ वर्षदेखि जनकपुरधामस्थित बौधी माता र अमरखाना माइ मन्दिरमा दुर्गा पूजाको आयोजना गर्दै आएको छ। लामो समयदेखि निरन्तर सञ्चालन हुँदै आएको पूजाले स्थानीय धार्मिक आस्था र सांस्कृतिक परम्परालाई निरन्तरता दिँदै आएको छ।

# जनकपुरधाममा दशैँ बजार शुरु



**मधेशदृष्टि**
**जनकपुरधाम।**
दशैँको अवसरमा प्रत्येक वर्ष जस्तै यस वर्ष पनि जनकपुरधाममा दशैँ बजार लगाइएको छ । पछिल्ला वर्षहरुमा घटस्थापनासंगै शुरु हुँदै आएको दशैँ बजार यस वर्ष एक दिन अगाडिदेखि नै लगाइएको छ । उद्योग वाणिज्य संघको आयोजनामा शुरु भएको दशैँ बजारको उदघाटन मधेस प्रदेशसभाका प्रदेशसभा सदस्य दीपेन्द्र ठाकुरले गरे। उनले आर्थिक मन्दीको क्रममा भइरहेको व्यवसायी तथा व्यापारीलाई प्रोत्साहनका लागि योजनाहरु ल्याउनु पर्नेमा जोड दिए । प्रदेशसभा सदस्य ठाकुरले जनकपुरधामका बजार व्यवसायको उन्नतिकालागि जनकपुरधामकै व्यापारीहरुले अग्रसरता लिनुपर्नेमा जोड दिए। यसका लागि गोपाल धर्मशाला मात्र नभई रंगभूमि मैदान, तिरहुतिया गाछी लगायतका स्थानमा समेत यस्ता व्यापार मेलाहरुको आयोजना गर्नुपर्ने बताए।

दशैँ बजारमा कुल १ सय १५ बढी स्टलहरु रह्ने जनकपुरधाम उद्योग वाणिज्य संघले जनाएको छ । संघका अध्यक्ष जितेन्द्र महासेठले घरेलु उत्पादनका खाद्यान्नलगायतका सामग्रीहरुलाई प्राथमिकता दिई विक्रि वितरण गर्ने योजना रहेको बताए । बजारमा खाद्यान्न, दैनिक उपभोग्यका सामाग्रीहरु, साबुन, सर्फ, अगरबत्ति, प्लाष्टिकका भाडाकुडाहरु, लत्ता कपडाहरु, जुत्ता चप्पल लगायत विभिन्न उपभोग्य सामाग्रीहरु व्यापार व्यसायका लागि राखिएको छ। दशैँ बजारमा घरेलु उत्पादन सामग्रीलाई बढी महत्व दिइएको छ।

उनले घरेलु सामग्रीको विक्रि वितरण भएमा उत्पादन बढ्नुका साथै उपोक्ताका लागि सस्तो तथा सर्वसुलभ समेत हुने उनको भनाइ थियो । त्यस्तै दशैँ बजारको सुरक्षाकालागि सीसी क्यामेरा समेत जडान गरिएको बताए । उनले दशैँ बजारमा व्यवसायी तथा उपभोक्ताको हितलाई ध्यानमा राखिने प्रतिवबद्धता व्यक्त गरे।

# चाडपर्वमा यात्रु ठगिए प्रहरीलाई खबर गर्नुस्, रौतहटका चार स्थानमा सहायता कक्ष




**मधेशदृष्टि**
**रौतहट।**
दसैँ, तिहार तथा छठ पर्वका बेला यात्रुले भोग्नुपर्ने समस्या, सार्वजनिक यातायातमा हुने ठगी र मनपरी भाडा असुली नियन्त्रण गर्ने उद्देश्यले रौतहटमा यात्रु सहायता कक्ष सञ्चालनमा ल्याइएको छ। चाडपर्वमा यात्रुको चाप बढ्ने समयलाई लक्षित गर्दै जिल्लाका चार स्थानमा सहायता कक्ष स्थापना गरिएको छ भने चन्द्रनिगाहपुरमा यात्रुका लागि रिफ्रेस सेन्टरसमेत सञ्चालन गरिएको छ।

जिल्ला प्रहरी कार्यालय गौर र जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरको संयुक्त आयोजनामा सहायता कक्ष स्थापना गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटका प्रमुख प्रहरी निरीक्षक राजेन्द्र थापामगरले जानकारी दिए । उनका अनुसार चन्द्रपुर नगरपालिका–४ स्थित चन्द्रनिगाहपुर मेनचोक, गरुडा नगरपालिका–४ को गरुडा बजार, बौधीमाई नगरपालिका–७ को बंकुल चोक र गौर नगरपालिका–८ स्थित गौर बसपार्कमा सहायता कक्ष सञ्चालनमा ल्याइएको हो।

चाडपर्वका बेला यात्रुको आवागमन बढ्ने र यही अवसरमा यात्रुले विभिन्न समस्या भोग्नुपर्ने सम्भावना रहेकाले उनीहरूको यात्रा सुरक्षित, सहज र व्यवस्थित बनाउन यस्तो व्यवस्था गरिएको थापामगरले बताए । सहायता कक्षमार्फत यात्रुले सार्वजनिक सवारीसाधनमा बढी भाडा असुलिएको, ठगीमा परेको वा यात्राका क्रममा अन्य समस्या भोग्नुपरेको विषयमा प्रहरीलाई जानकारी गराउन सक्नेछन् । यात्रुका गुनासा सुन्ने र आवश्यक सहजीकरण गर्ने माध्यमका रूपमा सहायता कक्षले काम गर्ने प्रहरीको अपेक्षा छ।

यसैबीच, लामो दूरीको यात्रा गर्ने यात्रुलाई आराम तथा आधारभूत सुविधा उपलब्ध गराउने उद्देश्यले जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरअगाडि रिफ्रेस सेन्टर पनि सञ्चालनमा ल्याइएको छ। उक्त सेन्टरमा शुद्ध खानेपानी र शौचालयको सुविधा उपलब्ध गराइएको प्रहरी निरीक्षक थापामगरले बताए।

प्रहरीका अनुसार सहायता कक्ष र रिफ्रेस सेन्टर सञ्चालनले यात्रुको समस्या समाधान गर्न, सडक सुरक्षा कायम राख्न तथा चाडपर्वका बेला यातायात व्यवस्थापन प्रभावकारी बनाउन सहयोग पुग्नेछ। प्रहरीले यात्राका क्रममा ट्राफिक नियम पालना गर्न, सवारीसाधनको अवस्था जाँच गरेर मात्र यात्रा गर्न तथा बढी भाडा असुली वा अन्य समस्या भए नजिकैको यात्रु सहायता कक्षमा जानकारी गराउन सर्वसाधारणलाई आग्रह गरेको छ।

# १४ लाखबढीको भन्सार छलीका सामान बरामद, दुई ई–लोडर पनि नियन्त्रणमा



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साका विभिन्न सीमा नाकाबाट भन्सार छली गरी भित्र्याइएका १४ लाख ३६ हजार रुपैयाँभन्दा बढी मूल्यका सामान सशस्त्र प्रहरीले बरामद गरेको छ। बरामद सामग्री ओसारपसारमा प्रयोग गरिएका दुईवटा ई–लोडरसमेत नियन्त्रणमा लिइएको छ। सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण हेडक्वार्टर पर्साको टोलीले शुक्रबार वीरगंज महानगरपालिका–१४ स्थित गण्डक चोकबाट बिलबिजक नभएका सामानसहित दुईवटा ई–लोडर नियन्त्रणमा लिएको हो।

सशस्त्र प्रहरीका अनुसार ई–लोडरमा लोड गरिएका कपडा, भाँडाबर्तन, टमाटर तथा किराना सामान बरामद गरिएको छ। नियन्त्रणमा लिइएका दुईवटा ई–लोडरको मूल्य १० लाख रुपैयाँ र त्यसमा लोड गरिएका सामानको मूल्य ३ लाख ३४ हजार ९४५ रुपैयाँ रहेको छ । यसरी गण्डक चोकबाट मात्रै १३ लाख ३४ हजार ९४५ रुपैयाँ बराबरको सामग्री बरामद भएको हो।

यसैगरी वीरगंज महानगरपालिका–१६ स्थित इनर्वा सीमा क्षेत्रबाट सीमा सुरक्षा गुल्म वीरगंजको टोलीले भारतबाट भन्सार छली गरी ल्याउँदै गरेको किराना तथा कस्मेटिक सामान बरामद गरेको छ।

उक्त सामानको मूल्य १ लाख १ हजार ६९० रुपैयाँ रहेको सशस्त्र प्रहरीले जनाएको छ । दुवै स्थानबाट बरामद गरिएका सामान र ई–लोडरको कुल मूल्य १४ लाख ३६ हजार ६३५ रुपैयाँ पुगेको छ । सशस्त्र प्रहरी बल पर्साका सूचना अधिकारी तथा सशस्त्र प्रहरी नायब उपरीक्षक सुरज क्षेत्रीका अनुसार बरामद गरिएका सम्पूर्ण सामान र दुवै ई–लोडर आवश्यक कानुनी कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालय पर्सामा बुझाइएको छ।

# दुर्गा पूजालाई लक्षित गर्दै नगर सरसफाइ अभियान, स्वच्छता कायम गर्न नगरप्रमुख साहको आह्वान

**मधेशदृष्टि**
**रौतहट।**
दुर्गा पूजालाई लक्षित गर्दै रौतहटको मौलापुर नगरपालिकामा नगर सरसफाइ अभियान सुरु गरिएको छ। चाडपर्वका बेला नगर क्षेत्रलाई स्वच्छ, सफा र सुन्दर बनाउने उद्देश्यले नगर प्रमुख रीना कुमारी साहको आह्वानमा अभियान सञ्चालन गरिएको हो।

दुर्गा पूजाको अवसरमा सुरु गरिएको अभियानले नगरको सरसफाइ व्यवस्थापनलाई प्रभावकारी बनाउनुका साथै नागरिकलाई स्वच्छ वातावरणमा चाडपर्व मनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। चाडपर्वमा बजार, सडक तथा सार्वजनिक स्थलमा मानिसको चहलपहल बढ्ने भएकाले नगर क्षेत्रको सरसफाइलाई प्राथमिकता दिइएको नगरपालिकाले जनाएको छ।



नगरप्रमुख साहको पहलमा अघि बढाइएको अभियानले सार्वजनिक स्थान सफा राख्ने र सरसफाइप्रति नागरिकको जिम्मेवारीबोध बढाउने लक्ष्य राखेको छ। नगरलाई व्यवस्थित र आकर्षक बनाउन स्थानीयवासीको सक्रिय सहभागिता आवश्यक रहेकोमा पनि जोड दिइएको छ । अभियानमा सहयोग गर्ने सबैप्रति धन्यवाद व्यक्त गर्दै नगरप्रमुख साहले स्वच्छ, सभ्य र सुन्दर मौलापुर निर्माणका लागि सबै पक्षको सहकार्य अपरिहार्य रहेको बताएकी छन्।

यसैबीच, विजयादशमीको अवसरमा शुभकामना व्यक्त गर्दै नगरप्रमुख साहले असत्यमाथि सत्य र बुराइमाथि अच्छाइको विजयको प्रतीकका रूपमा मनाइने यस पर्वले सबैमा सकारात्मक सोच र परिवर्तनको भावना विकास गर्ने विश्वास व्यक्त गरेकी छन्। समाजमा रहेका विकृति र विसङ्गति अन्त्य गर्दै स्वच्छ, सभ्य र सुन्दर समाज निर्माण गर्न विजयादशमीले प्रेरणा प्रदान गरोस् भन्ने कामनासमेत उनले गरेकी छन्।

मौलापुरमा सुरु गरिएको सरसफाइ अभियानले चाडपर्वलाई स्वच्छ वातावरणमा मनाउने सन्देश दिनुका साथै नगरको सौन्दर्य र सफाइ कायम राख्न सामूहिक जिम्मेवारीबोध अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ।

# विद्युत् सर्टसर्किटबाट दुई ठाउँमा आगलागी, चार पशुचौपायाको मृत्यु



**मधेशदृष्टि**
**सिरहा।**
सिरहाका दुई छुट्टाछुट्टै स्थानमा विद्युत् सर्टसर्किटका कारण आगलागी हुँदा चारवटा पशुचौपायाको मृत्यु भएको छ । आगलागीबाट घरगोठ, अन्नपात, भाँडाकुँडा र अन्य घरायसी सामग्री जलेर नष्ट भएका छन्। दुवै घटनामा मानवीय क्षति भने नभएको प्रहरीले जनाएको छ।

गोलबजार नगरपालिका–३ स्थित नेवारकुनी, चोरपानेका गंगाबहादुर सुनुवारको घरगोठमा शुक्रबार राति करिब १२ बजे विद्युत् मिटरमा सर्टसर्किट भएर आगलागी भएको हो । आगलागीमा एउटा गोरुको मृत्यु भएको छ भने करिब पाँच क्विन्टल अन्नबालीसहित घरगोठ पूर्ण रूपमा जलेर नष्ट भएको छ। भाँडावर्तनलगायत अन्य सामग्रीसमेत आगलागीमा परेर नष्ट भएका छन्।

इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख प्रहरी निरीक्षक दीपक खरेलका अनुसार घटनास्थलमा पुगेको प्रहरी टोलीले क्षतिको विवरण संकलन गर्नुका साथै मुचुल्का तयार गर्ने काम गरिरहेको छ। मुचुल्का तयार भएपछि मात्रै क्षतिको विस्तृत विवरण यकिन हुने उनले बताए। यसैगरी, विष्णुपुर गाउँपालिका–४ स्थित थल्हा बथान टोलमा पनि विद्युत्को तार सर्ट भएर आगलागी हुँदा तीनवटा पशुचौपायाको मृत्यु भएको छ।

प्रहरीका अनुसार स्थानीय ४७ वर्षीय वीरेन्द्र यादवको बाँसको टाटीले घेरिएको र फुसको छानो भएको एकतले गाईगोठ तथा भान्सा घरमा बिहीबार राति करिब १◌ः३० बजे आगलागी भएको थियो। आगलागीमा एउटा भैंसी र दुईवटा गोरुको मृत्यु भएको छ । घरमा राखिएका अन्नपात, भाँडाकुँडा तथा अन्य सामग्रीसमेत जलेर नष्ट भएका छन्।

आगलागीको सूचना प्राप्त हुनासाथ प्रहरी चौकी बेल्हाबाट खटिएको टोली र स्थानीयवासीको सहयोगमा आगो नियन्त्रणमा लिइएको थियो। उक्त घटनामा प्रारम्भिक अनुमानअनुसार करिब पाँच लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ । विद्युत् सर्टसर्किटका कारण भएका दुवै घटनामा चारवटा पशुचौपाया मर्नुका साथै घरगोठ र खाद्यान्नमा क्षति पुगेको छ । प्रहरीले घटनासम्बन्धी थप विवरण संकलन गरिरहेको जनाएको छ।

# नाङ्गो तारको करेन्ट लागेर ४५ वर्षीया महिलाको मृत्यु



**मधेशदृष्टि**
**कलैया।**
बाराको जितपुरसिमरा उपमहानगरपालिकामा घरपछाडि सरसफाइ गर्ने क्रममा नाङ्गो तार छुँदा करेन्ट लागेर एक महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा जितपुरसिमरा उपमहानगरपालिका–१४ बेहरी निवासी रामचन्द्र महतोकी ४५ वर्षीया श्रीमती सिरिया देवी महतो रहेकी छन्।

प्रहरीका अनुसार शनिबार दिउँसो करिब १:५० बजे आफ्नै घरपछाडि सरसफाइ गरिरहेका बेला नाङ्गो तार छुँदा सिरिया देवीलाई करेन्ट लागेको थियो । करेन्ट लागेर गम्भीर घाइते भएकी उनलाई उनका श्रीमान् रामचन्द्रले तत्काल उपचारका लागि सिमरास्थित सिटी स्टार अस्पताल पुर्‍याएका थिए।

अस्पतालमा चिकित्सकले ईसीजी परीक्षण गरेपछि दिउँसो करिब २ बजे उनलाई मृत घोषणा गरेका थिए।

घटनाबारे जानकारी प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय सिमरा, बाराबाट प्रहरी निरीक्षक विनोदराज खत्रीको कमान्डमा सोको (एस.ओ.सि.ओ.)सहितको प्रहरी टोली घटनास्थल पुगेको थियो । प्रहरीले घटनास्थलको मुचुल्का तयार गरी घटनाबारे थप अनुसन्धान अघि बढाएको जनाएको छ। मृतकको शव सिटी स्टार अस्पतालमै राखिएको प्रहरीले जानकारी दिएको छ।

# प्रेस स्वतन्त्रता र पत्रकारको...

सञ्चारमाध्यमका कमजोरी सच्याउने प्रक्रियालाई प्रोत्साहित गर्नुको सट्टा सञ्चारमाध्यमलाई होच्याउने र पत्रकारको मनोबल गिराउने गरी कारबाहीसम्बन्धी सूचना सार्वजनिक गरेको भन्दै महासंघले असहमति जनाएको छ।

त्यस्तै, उकालो अनलाइनलगायतका सञ्चार प्रतिष्ठानसँग भएका सम्झौता अक्षरशः कार्यान्वयन गर्न र निजी तथा सामुदायिक सञ्चारमाध्यममा कार्यरत पत्रकारलाई दसैँअघि नै न्यूनतम पारिश्रमिक भुक्तानी गर्न महासंघले आह्वान गरेको छ । मागको बेवास्ता गरिए कडा आन्दोलन गर्ने चेतावनीसमेत दिइएको छ।

सञ्चारमाध्यमको दर्ता खारेज नहुने कानुनी व्यवस्थाविपरीत अनलाइन सञ्चारमाध्यमको नवीकरण रोकिएको भन्दै महासंघले आपत्ति जनाएको छ। अनलाइन पत्रिकाको दर्ता तथा नवीकरण शुल्क विगतमा झैँ निःशुल्क गर्न पनि माग गरिएको छ।

मधेश प्रदेश सरकारले लोककल्याणकारी विज्ञापन तथा आमसञ्चार प्राधिकरण र मिडिया काउन्सिलसँग सम्बन्धित बजेट कटौती गरेकोप्रति महासंघले कडा विरोध जनाएको छ । कटौती गरिएको बजेट पुनःस्थापना गरी शतप्रतिशत वृद्धि गर्न माग गरिएको छ।

महासंघले जननिर्वाचित प्रतिनिधिहरूको सर्वोच्च संस्था संसद्लाई छलेर अध्यादेशमार्फत शासन सञ्चालन गर्ने प्रवृत्तिको भर्त्सना गर्दै संसदीय सर्वोच्चता कायम गर्न आग्रह गरेको छ। सरकारका नीतिविरुद्ध आवाज उठाउने नागरिक, नागरिक समाज, राजनीतिक अधिकारकर्मी तथा सञ्चारकर्मीमाथि हुने धम्की र धरपकडको पनि विरोध गरिएको छ । साथै, न्यायपालिकाको स्वतन्त्रता सुनिश्चित गर्दै अदालतमा हुने राजनीतिक हस्तक्षेप र दबाब अन्त्य गर्न माग गरिएको छ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकको रक्षाका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसँग संवाद बढाउने निर्णयसमेत बैठकले गरेको छ। यी विषयमा वृहत् छलफल गर्न महासंघको नियमित साधारणसभा २०८३ मंसिर २६ र २७ गते बागमती प्रदेशमा आयोजना गर्ने निर्णय गरिएको छ।

बैठकले जनकपुरधामस्थित जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न भइरहेका प्रयासको स्वागत गरेको छ। केही सरकारी दस्तावेजमा ‘रामजानकी मन्दिर’ उल्लेख गरी मन्दिरको ऐतिहासिक तथा सांस्कृतिक पहिचान परिवर्तन गर्न खोजिएको भन्दै महासंघले आपत्ति जनाएको छ । सरकारी दस्तावेजमा मन्दिरको नाम ‘जानकी मन्दिर’ नै कायम गर्न संशोधन गर्नुपर्ने र जानकी नवमीका दिन सार्वजनिक बिदा दिनुपर्ने स्थानीयवासीको मागप्रति पनि समर्थन जनाएको छ।

यसैगरी, जलवायु परिवर्तनका कारण भोटेकोशी नदीमा आएको बाढीबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै यसको स्थायी समाधानका लागि साझा कार्यनीति बनाउन माग गरिएको छ । चुरे क्षेत्रका वनजंगल तथा नदीनालाको अवैध उत्खननका कारण उत्पन्न खानेपानी र सिँचाइको संकट समाधान गर्न चुरे संरक्षणलाई प्राथमिकता दिन तीनै तहका सरकारको ध्यानाकर्षण गराइएको छ।

मधेशको मौलिक संस्कार, संस्कृति, भाषा, भेषभूषा तथा ऐतिहासिक पहिचानको संरक्षण र प्रवर्द्धनका लागि ‘घुमौँ मधेश, बुझौँ मधेश’ अभियानलाई तीनै तहका सरकारले आत्मसात् गर्नुपर्ने महासंघको माग छ । अभियानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउन आवश्यक रणनीति निर्माण गर्नसमेत आग्रह गरिएको छ।

बैठकको आतिथ्यता गर्ने नेपाल पत्रकार महासंघ धनुषा शाखा तथा सहयोग पु¥याउने सबै निकायलाई धन्यवाद दिँदै महासंघका महासचिव रामप्रसाद दाहालले १७ बुँदे घोषणापत्र जारी गरेका हुन्।

# बाढीपीडितको पीडा बेवास्ता गरेर कस्तो चाडपर्व ?

## पुनर्निर्माणका लागि छुट्टै प्राधिकरण गठन गर्न प्रभु साहको माग




**मधेशदृष्टि**
**काठमाडौँ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले भोटेकोशी बाढीपीडितसहित देशभरका प्राकृतिक विपद्वाट प्रभावित नागरिकलाई तत्काल राहत उपलब्ध गराउन र क्षतिग्रस्त संरचनाको पुनर्निर्माणलाई तीव्रता दिन अधिकारसम्पन्न छुट्टै प्राधिकरण गठन गर्न सरकारसँग माग गरेका छन् । दशैं, दीपावली र छठलगायतका चाडपर्व नजिकिँदै गर्दा पनि बाढीपीडितको अवस्था दयनीय रहेको उल्लेख गर्दै अध्यक्ष साहले उनीहरूको पीडालाई बेवास्ता गरेर उत्सव मनाउनुको औचित्यमाथि प्रश्न उठाएका हुन्।
आजपा काठमाडौं उपत्यका विशेष कमिटीले शनिबार काठमाडौंको कोटेश्वरस्थित पार्टी कार्यालयमा आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा बोल्दै साहले विपद्मा परेका नागरिकको उद्धार, राहत, सुरक्षित पुनस्थापना र पुनर्निर्माणलाई सरकारले प्राथमिकतामा राख्नुपर्ने बताए । 'बाढीपीडितको अवस्था विजोग छ । बाढीपीडितलाई हरिबिजोग बनाएर कस्तो चाडपर्व हुन्छ ?' साहले प्रश्न गरे । उनले विपद्का कारण घरबारविहीन तथा प्रभावित बनेका नागरिकलाई राज्यले अभिभावकत्व प्रदान गर्नुपर्नेमा जोड दिए।
तत्काल राहत वितरणमा सीमित नभई क्षतिको मूल्यांकन, प्रभावित परिवारको सुरक्षित पुनस्थापना र भत्किएका भौतिक संरचनाको पुनर्निर्माणलाई एकीकृत योजनाअन्तर्गत अघि बढाउनुपर्ने उनको भनाइ थियो। भोटेकोशी बाढीबाट प्रभावित नागरिकसहित देशका विभिन्न क्षेत्रमा बाढी, पहिरो तथा अन्य प्राकृतिक विपद्को मारमा परेका परिवारको समस्या समाधान गर्न सरकारले दीर्घकालीन योजना बनाउनुपर्ने साहले बताए। यसका लागि आवश्यक अधिकार र स्रोतसाधनसहितको छुट्टै प्राधिकरण गठन गर्नुपर्ने माग उनले दोहोऱ्याए।

**महँगी र कालोबजारी नियन्त्रण गर्न सरकार असफल भएको आरोप**
अध्यक्ष साहले चाडपर्वको समयमा बजारमा हुने मूल्यवृद्धि, कालोबजारी र कृत्रिम अभाव नियन्त्रण गर्न सरकार असफल भएको आरोप लगाए । दैनिक उपभोग्य वस्तुको सहज उपलब्धता र उचित मूल्य सुनिश्चित गर्नुपर्ने भए पनि बजार अनुगमन प्रभावकारी हुन नसकेको उनको भनाइ थियो।
खाना पकाउने ग्यासलगायत घरायसी प्रयोजनका अत्यावश्यक सामग्रीको आपूर्ति सहज बनाउन सरकार गम्भीर हुनुपर्ने उनले बताए। कृत्रिम अभाव सिर्जना गरी उपभोक्तालाई महँगो मूल्य तिर्न बाध्य बनाउने प्रवृत्तिविरुद्ध कडा निगरानी र कारबाही गर्न उनले माग गरे।

**चाडपर्वमा पनि अत्यावश्यक सेवा २४सै घण्टा सञ्चालन हुनुपर्ने**
साहले दशैं, दीपावली र छठका नाममा अत्यावश्यक सार्वजनिक सेवा अवरुद्ध हुन नहुने बताए । स्वास्थ्य सेवा, शान्ति सुरक्षा, विद्युत्, खानेपानी र सञ्चारजस्ता नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका सेवा चौबीसै घण्टा सञ्चालन हुने व्यवस्था मिलाउन उनले सरकारको ध्यानाकर्षण गराए। 'दशैं, दीपावली वा छठका नाममा अत्यावश्यक सेवा बन्द गर्न मिल्दैन,' उनले भने, 'स्वास्थ्य सेवा र शान्ति सुरक्षा २४सै घण्टा सुनिश्चित हुनुपर्छ ।' चाडपर्वका बेला ठूलो संख्यामा मानिसको आवागमन हुने भएकाले धार्मिक तथा पर्यटकीय स्थलमा सुरक्षा व्यवस्था मजबुत बनाउनुपर्ने उनको भनाइ थियो। सार्वजनिक यातायातलाई व्यवस्थित बनाउँदै यात्रुको सहज आवागमन सुनिश्चित गर्न सरकार र सुरक्षा निकायले विशेष योजना लागू गर्नुपर्ने उनले बताए।

**यातायातमा मनपरी भाडा असुल्नेमाथि कारबाहीको माग**
चाडपर्वमा यात्रुको चाप बढेको मौका छोपेर सार्वजनिक यातायातमा मनपरी भाडा असुल्ने र यात्रुलाई दुःख दिने प्रवृत्ति नियन्त्रण गर्न साहले माग गरे। यसका लागि नियमित अनुगमन, भाडादरको प्रभावकारी कार्यान्वयन र नियम उल्लंघन गर्नेमाथि कारबाही आवश्यक रहेको उनले बताए।
त्यसैगरी, बाढी, पहिरो तथा अन्य कारणले राजमार्ग र मुख्य सडक अवरुद्ध हुँदा यात्रु लामो समयसम्म अलपत्र पर्ने अवस्था अन्त्य गर्न सम्बन्धित निकायलाई तयारी अवस्थामा राख्नुपर्नेमा उनले जोड दिए । सडक अवरोध तत्काल हटाउने, ट्राफिक व्यवस्थापन प्रभावकारी बनाउने तथा सवारी दुर्घटना न्यूनीकरणका लागि विशेष सतर्कता अपनाउनुपर्ने साहको भनाइ थियो।
आकस्मिक उद्धार तथा राहतका लागि आवश्यक संयन्त्रलाई सक्रिय राख्न र विद्युत्, खानेपानी तथा सञ्चार सेवामा समस्या आउन नदिन पनि उनले आग्रह गरे।

**विपद्पीडित र विपन्न नागरिकप्रति राज्य संवेदनशील बन्नुपर्ने**
अध्यक्ष साहले चाडपर्वलाई उत्सवका रूपमा मात्र नभई विपद्मा परेका नागरिकको दुःख र पीडा सम्झने अवसरका रूपमा लिनुपर्ने बताए । राज्यले सबै नागरिकलाई समान व्यवहार गर्दै गरिब, विपन्न तथा विपद्पीडित परिवारको जीवन सहज बनाउन विशेष ध्यान दिनुपर्ने उनको भनाइ थियो।
उनले दशैं, दीपावली र छठलगायतका पर्वको शुभकामना दिँदै चाडपर्वका समयमा नागरिकको सुरक्षा, सेवा प्रवाह र दैनिक जीवन सहज बनाउने विषयमा सरकारलाई संवेदनशील बन्न आग्रह गरे । आजपा काठमाडौं उपत्यका विशेष कमिटीका अध्यक्ष पासाङ तामाङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पार्टीका सहअध्यक्ष तिलक थापामगर, उपाध्यक्ष धनकुमारी मगर, महासचिव त्रिभुवन साह, उपमहासचिव देवी पण्डित रेग्मी, प्रवक्ता सुभाष साह र सचिव विजय यादव लगायतका नेताकार्यकर्ताको सहभागिता थियो। कार्यक्रमको सञ्चालन उपत्यका विशेष कमिटीका सचिव रवि ध्वज कार्कीले गरेका थिए।

# राजदेवी मन्दिर झकिझकाउ, सुरक्षा र दर्शन व्यवस्थापनमा विशेष तयारी



**मधेशदृष्टि**
**जनकपुरधाम।**
विजया दशमी नजिकिएसँगै जनकपुरधामस्थित प्रसिद्ध राजदेवी मन्दिरमा दशैँको तयारी तीव्र पारिएको छ । मन्दिरलाई रङ्गीन बत्ती, फूलमाला र तोरणले आकर्षक रूपमा सजाइएको छ भने पूजाआराधना, सुरक्षा र भक्तजनको भीड व्यवस्थापनका लागि आवश्यक तयारी भइरहेको छ।
मिथिलाको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पहिचानसँग जोडिएको राजदेवी मन्दिरको मुख्य प्रवेशद्वारदेखि गर्भगृहसम्म सजावट गरिएको छ । राजा जनककी कुलदेवीका रूपमा श्रद्धा गरिने राजदेवीको दर्शन तथा पूजाआराधनाका लागि प्रत्येक वर्ष दशैँमा हजारौँ श्रद्धालु जनकपुरधाम आउने गर्छन्।
मन्दिरलाई थप आकर्षक बनाउन भारतबाट सजावटी सामग्री ल्याएर प्रयोग गरिएको पूजा व्यवस्थापन समितिले जनाएको छ। पूजाआराधनासँगै सांस्कृतिक गतिविधि, मनोरञ्जन मेला तथा अन्य कार्यक्रम सञ्चालन गर्ने तयारीसमेत गरिएको छ।
राजदेवी मन्दिरमा विशेषगरी महाअष्टमी, महानवमी र विजया दशमीका दिन भक्तजनको उल्लेख्य भीड लाग्ने गर्छ।
मिथिला क्षेत्रका विभिन्न स्थानका साथै नेपालका अन्य जिल्ला र भारतबाट समेत श्रद्धालु आउने भएकाले दर्शन व्यवस्थापन र सुरक्षालाई प्राथमिकता दिइएको छ।
महावीर युवा कमिटीका अध्यक्ष दीपककुमार साहका अनुसार यस वर्षको दशैँ उत्सवलाई विगतका वर्षभन्दा व्यवस्थित र भव्य बनाउन विभिन्न समिति तथा उपसमिति गठन गरी जिम्मेवारी बाँडफाँट गरिएको छ। भक्तजनको सेवामा ५० जना स्वयंसेवक परिचालन गर्ने तयारी गरिएको उनले बताए।
उनका अनुसार मूलपूजा, कालरात्रि पूजा, सुरक्षा, महाप्रसाद वितरण, खोइँछ भरी, मन्दिर सजावट, लाइन व्यवस्थापन, रावण दहन, विजय जुलुस, मनोरञ्जन मेला तथा सरसफाइका लागि छुट्टाछुट्टै जिम्मेवारी तोकिएको छ।
भक्तजनलाई सहज रूपमा दर्शन गराउन महिला र पुरुषका लागि छुट्टाछुट्टै लाइनको व्यवस्था गरिनेछ । मन्दिर परिसरमा सीसीटीभी क्यामेरामार्फत निगरानी गर्ने, प्रवेशद्वारमा स्वयंसेवक परिचालन गर्ने तथा सुरक्षा व्यवस्थापनसम्बन्धी समितिलाई सक्रिय बनाउने तयारी गरिएको अध्यक्ष साहले जानकारी दिए।
दशैँका अवसरमा मन्दिर परिसरमा विभिन्न सांस्कृतिक गतिविधि सञ्चालन गर्नुका साथै आगन्तुकको मनोरञ्जनका लागि खेल सामग्रीसमेत राखिने उनले बताए । बोका बलिको रसिद शुल्क बढाउने वा यथावत् राख्ने भन्ने विषयमा भने पूजा समितिको बैठकबाट निर्णय गरिने उनको भनाइ छ।
हजारौँ श्रद्धालुको सहभागिता रहने राजदेवी मन्दिरको दशैँ उत्सव व्यवस्थापनका लागि तीनै तहका सरकारले बजेट विनियोजन नगरेको भन्दै आयोजक पक्षले असन्तुष्टि जनाएको छ।
महावीर युवा कमिटीका अध्यक्ष साहले राजदेवी मन्दिरको दशैँ उत्सव जनकपुरधामको धार्मिक तथा सांस्कृतिक पहिचानसँग जोडिएको महत्त्वपूर्ण पर्व भएकाले यसको व्यवस्थापनमा सरकारी निकायको सहयोग आवश्यक रहेको बताए । ठूलो संख्यामा श्रद्धालु सहभागी हुने उत्सवमा सुरक्षा, सरसफाइ तथा अन्य आवश्यक सुविधाको व्यवस्थापन गर्न सरकारी सहयोग आवश्यक पर्ने उनको भनाइ छ।
दशैँ मिथिला क्षेत्रमा धार्मिक आस्था, पारिवारिक पुनर्मिलन र सांस्कृतिक परम्परासँग जोडिएको प्रमुख पर्व हो । राजदेवी मन्दिरमा हुने विशेष पूजाआराधना र सामुदायिक सहभागिताले जनकपुरधामको धार्मिक तथा सांस्कृतिक पहिचानलाई निरन्तरता दिँदै आएको छ।

# प्रेस स्वतन्त्रता र पत्रकारको हकहितका लागि संघर्ष गर्ने महासंघको घोषणा, १७ बुँदे घोषणापत्र जारी

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल पत्रकार महासंघले प्रेस स्वतन्त्रताको संरक्षण, श्रमजीवी पत्रकारको हकहित तथा संघीयता, लोकतन्त्र र नागरिक अधिकारको रक्षाका लागि संघर्ष गर्ने घोषणा गरेको छ । महासंघको केन्द्रीय समितिको पाँचौँ पूर्ण बैठकले १७ बुँदे घोषणापत्र जारी गर्दै पत्रकारका समस्या र प्रेस स्वतन्त्रतामाथिका चुनौतीविरुद्ध सशक्त रूपमा अघि बढ्ने निर्णय गरेको हो।
असोज २२ र २३ गते जनकपुरधाममा सम्पन्न बैठकले सरकारी सञ्चारमाध्यममा कार्यरत सयौँ पत्रकारलाई बिनाकारण हटाइएको र हटाउन खोजिएको घटनाप्रति गम्भीर आपत्ति जनाएको छ। गोरखापत्र, नेपाल टेलिभिजन, रेडियो नेपाल र राष्ट्रिय समाचार समिति (रासस) बाट हटाइएका पत्रकारलाई पुनः नियुक्ति गर्न तथा थप पत्रकारलाई नहटाउन महासंघले माग गरेको छ




। माग पूरा नभए श्रमजीवी पत्रकारको पुनर्बहालीका लागि कडा संघर्ष गर्ने चेतावनीसमेत दिएको छ।
महासंघले लोककल्याणकारी विज्ञापनको रकम कटौती तथा सरकारी विज्ञापन रोक्ने कार्यलाई सञ्चारमाध्यममाथिको आर्थिक नाकाबन्दीको संज्ञा दिँदै विरोध जनाएको छ । प्रेस काउन्सिलको सिफारिसअनुसार लोककल्याणकारी विज्ञापनको रकम दोब्बर बनाउन पनि माग गरिएको छ।
संविधानको धारा २७ तथा सूचनाको हकसम्बन्धी ऐन र नियमावलीअनुसार काम गर्ने राष्ट्रिय सूचना आयोगलाई लामो समयसम्म नेतृत्वविहीन राखिएकोप्रति महासंघले आपत्ति जनाएको छ । यसले नागरिकको सूचनाको हक कुण्ठित हुने अवस्था सिर्जना गरेको महासंघको ठहर छ । प्रेस काउन्सिलले

*बाँकी पृष्ठ ३ मा*

# नापी प्रमुखलाई धम्की दिएको आरोपमा लेखनदास पक्राउ, छोरा फरार

**मधेशदृष्टि**
**पोखरिया।**
पर्साको पोखरियास्थित नापी कार्यालयका प्रमुख बब्लु पाण्डेमाथि गालीगलौज, अभद्र व्यवहार र धम्की दिएको आरोपमा लेखनदास रामाशिष साह गोढ पक्राउ परेका छन्। घटनामा संलग्न रहेको आरोप लागेका उनका छोरा विनय साह गोढ भने फरार रहेको प्रहरीले जनाएको छ । प्रहरीले रामाशिषलाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय पोखरियामा राखेको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।
प्राप्त विवरणअनुसार केही दिनअघि नापी कार्यालय पुगेका रामाशिषले आफू स्थानीय बासिन्दा तथा पूर्व लेखापढी व्यवसायी सङ्घको अध्यक्ष भएको उल्लेख गर्दै कार्यालय प्रमुख पाण्डेमाथि दबाब सिर्जना गरेका थिए । आफू बसोबास गर्ने वडामै कार्यालय रहेकाले आफूले चाहेजस्तै काम हुनुपर्ने भन्दै उनले नियमविपरीत काम गराउन खोजेको आरोप छ।
तर, कार्यालय प्रमुख पाण्डेले कानुनी प्रक्रिया र निर्धारित मापदण्डविपरीत काम गर्न नमिल्ने अडान लिएपछि रामाशिषले गालीगलौज गर्दै अभद्र व्यवहार र धम्की दिएको आरोप लगाइएको छ । सरकारी कार्यालयमा कार्यरत कर्मचारीलाई दबाब दिएर नियमविपरीत काम गराउन खोजिएको यो घटनालाई गम्भीर रूपमा हेरिएको छ।
रामाशिषमाथि सेवाग्राहीको काम गराइदिने आश्वासन दिएर रकम असुल्ने तथा धाकधम्कीको सहारामा नियमविपरीत काम गराउन खोज्ने गरेको आरोपसमेत लागेको छ। यद्यपि, यी आरोपहरूको सत्यतथ्य प्रहरी अनुसन्धानबाट पुष्टि हुन बाँकी छ। घटनामा उनका छोरा विनयको समेत संलग्नता रहेको आरोप छ । उनी फरार रहेकाले प्रहरीले खोजी गरिरहेको जनाएको छ। सरकारी कार्यालयमा कानुनी प्रक्रिया पालना गराउनुपर्ने कर्मचारीमाथि नै दबाब, दुर्व्यवहार र धम्की दिइएको आरोप सार्वजनिक भएपछि घटनाको निष्पक्ष अनुसन्धान र दोषीमाथि कानुनी कारबाहीको विषय महत्त्वपूर्ण बनेको छ । प्रहरीले घटनासँग सम्बन्धित आरोपहरूको सत्यतथ्य पत्ता लगाउने जनाएको छ। आरोप अनुसन्धानबाट पुष्टि भएमा सम्बन्धित व्यक्तिमाथि प्रचलित कानुनअनुसार कारबाही हुने व्यवस्था छ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन